***मिति २०७८ साल कार्तिक ३० गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो ।***

१. मिति २०७८ असोज १३ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. अर्जुनधारा नगरपालिका अन्तर्गतका विभन्न नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन् सम्बन्धमा मिति २०७८/०४/२६ गतेको कार्यपालिका बैठकद्धारा गठित छानवीन समितिको प्रतिवेदन प्राप्त भई नसकेको हुँदा समितिको प्रतिवेदन प्राप्त भएपछी सो सम्बन्धमा छलफल गर्ने निर्णय गरियो ।

३. अर्जुनधारा नगरपालिका क्षेत्र भएर बहने बिरिङ, टाङटिङ सुखानी नेते लगायतका नदिहरुबाट आ.व. ०७८/०७९ मा नदिजन्य सामाग्रीहरुको उत्खनन ओसारपसार तथा बेचविखनका लागि खोलिएको ठेक्का बन्दोबस्ती प्रक्रिया बमोजिम ठेक्का सकार गर्ने कर्मा कन्ट्रक्सन प्रा.लि. बौद्ध काठमाडौले मिति २०७८/०७/२९ को खोलामा मेशिनरी औजार प्रयोग गर्न अनुमति माग गरेको सम्बन्धमा प्राप्त माग निवेदन उपर छलफल हुँदा ठेक्का लागेका उल्लेखित नदी प्रणाली मध्ये आई.ई.ई. प्रतिवेदनमा तोकएको नदि प्रणालीको दायाँबाँया किनाराको भागमा कुनै पनि किसिमको असर नपर्ने गरी नदीको बीच भागबाट मात्र तोकिएको परिमाण अनुसारको नदिजन्य सामाग्री होडिङ बोर्डमा उल्लेख भए अनुसार तपसिल बमोजिमका मेशिनरी समाग्रीहरुको प्रयोग गरी उत्खनन् लागि अनुमति दिने। (योजना शाखा)

<u>तपसिल</u>

१) बा ३ ख २५१२ स्काभेटर
२) मे १ क ७४४ स्काभेटर
३) बा २ क ३३८९ स्काभेटर
४) को १ क २६८४ ब्याक हो लोडर

४. नदिजन्य र खानीजन्य पदार्थ अनुगमन समितिको बैठक संचालन कार्यविधि २०७७ को बुँदा नं १० मा उल्लेखित प्रशासनिक खर्च व्यवस्था शीर्षक अन्तर्गत बार्षिक रुपमा हुने आयको ०.५ प्रतिशत रकमको माग गरी जिल्ला समन्वय समिति झापाको चलानी नं २२ मिति २०७८/०४/३१ को पत्रबाट लेखि आएको विषयमाथि छलफल हुँदा नदिजन्य र खानीजन्य कार्यविधि २०७७ को बुँदा नं १० मा उल्लेख भएको व्यबस्था अनुसारको हुन आउने रकम जिल्ला समन्वय समिति झापालाई उपलब्ध गराउने व्यवस्थाका लागि नगरपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । (आर्थिक प्रशासन /योजना शाखा)

५. अर्जुनधारा नगरपालिका क्षेत्रभित्रको नदीजन्य सामाग्रीको संरक्षण र सदुपयोग गर्ने सन्दर्भमा नदीजन्य सामाग्रीको ठेक्का सकार गर्ने ठेकेदारले आ.ई.ई भई स्वीकृत प्राप्त स्थानबाट मात्र उत्खनन् तथा जम्मा गरे नगरेको अनुगमन गर्ने सम्बन्धमा कार्यव्यबस्था भए बमोजिम जि.स.स.झापा, आ.ई.ई संयोजक अ.न.पा , योजना शाखा तथा प्र.प्र.अ.ले तोकेको प्रविधिक,आ.ई.ई. गर्ने संस्थाका आमन्त्रित प्रतिनिधि ,संयोजक विपद व्यवस्थनपन समिति अ.न.पा. र संयोजक सामुदायिक विपद् व्यवस्थापन समिति समेतको कार्यदल गठन गरी अनुगमनको व्यबस्था मिलाउने निर्णय गरियो।(योजना /प्रविधिक शाखा )

६. २०७८ साल कार्तिक पहिलो साताको अविरल वर्षातका कारण यस नगर क्षेत्र भित्रको धाबालीमा पुगेको क्षतिका सम्वन्धमा कृषि विकास शाखा मार्फत वडामा भएको क्षतिको बस्तुगत विवरण संकलन गरी प्राप्त विवरण र वडाबाट प्राप्त प्राथमिकताक्रमको आधारमा मकै बालीको लागि ५० प्रतिशत राहत अनुदानमा बीउ वितरण गर्ने व्यवस्थाका लागि आन्तरिक बजेट तर्फको सजिवन खेतीका लागि छुट्याईएको रु ५०,०००/-तरकारी मिनिकिट वितरणका लागि छुट्याईएको रु ३,०००००/- तथा तरकारी नर्सरी सहयोग कार्यक्रम तर्फ विनियोजन भएको रु ३०००००/- समेत गरी जम्मा रकम रु ६,५०,०००/- मकै बीउ वितरण कार्यक्रम तर्फ रकमान्तर गर्ने निर्णय गरियो ।(कृषि विकास शाखा/आर्थिक प्रशासन शाखा/योजना शाखा)

७. यस नगरपालिका अन्तर्गत वडा नं ३ को आईतबारे पशु चौपाय तथा साप्ताहिक हाटबजारको ठेक्का बन्दोबस्त भएको स्थान बाहेकको घर टहरा तथा स्थानबाट बहाल भिटौरी कर संकलनका लागि अतिरिक्त समयमा समेत कामकाज गर्ने गरी थप जनशक्ति परिचालन गर्नु पर्ने भएकोले बहाल भिटौरी वापत संकलन भएको राजस्वको १५ प्रतिशत प्रोत्साहन रकमको व्यबस्था गरी ३ नं वडा कार्यालयसँग आवश्यक समन्वय गरी उपरोक्त स्थानमा राजस्व संकलनको व्यवस्था मिलाउन निर्देशन दिने ।(राजस्व शाखा )

८. अर्जुनधारा नगरपालिका क्षेत्र भित्रका जग्गाहरुको भोग र साविकको नक्साको अवस्था नमिली लामो समयदेखि समस्या आईरहेको हुँदा उक्त समस्या समाधानका लागि जग्गाको पुःन नाप नक्सा गराउन आवश्यक देखिएको हुँदा आवश्यक प्राविधिक र अन्य सहयोगका लागि नापी कार्यालय भद्रपुर झापालाई अनुरोध पत्र पठाई सकिएको साथै राष्ट्रिय भूमि आयोगद्वारा संचालन भई हाल स्थगित रहेको जग्गा व्यबस्थापन सम्बन्धी कामको लागि कन्ट्रोल पोईन्ट निर्धारण गरी नेशनल ग्रीड सँग लिङ्क गर्ने प्रयोजनका लागि आवश्यक पर्ने स्तम्भ निर्माण तथा प्राविधिक कार्यको व्यस्थापन गर्ने व्यवस्थाका लागि नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।(अमिन / भूमि ईकाई)

९. अर्जुनधारा नगरपालिका वडा नं ८ वडा कार्यालयको चलानी नं ६६५ मिति २०७८/०७/१६ को प्राप्त पत्रानुसार कोभिड १९ को समयमा नगरपालिको स्वामित्वमा रहेको शनिश्चरे वजार स्थित घर पसलमा व्यबसाय संचालन गर्ने व्यवसायीहरुलाई नगर कार्यपालिकाको मिति २०७८/०५/२९ गतेको निर्णानुसार मिति २०७८/०१/२१ गते देखि २०७८ आषाढ मसान्त सम्म जम्मा २ महिना १० दिनको  घर बहाल मिनाहा दिने निर्णय भएकोमा नगरपालिकाको स्वामित्वमा रहेका घर  सटरका केही व्यवसायीहरुले उल्लेखित अवधिको घर बहाल बुझाई सकेको र त्यसरी बुझाई सकेको रकम  फिर्ता गर्न समेत अवस्था नरहेको हुँदा त्यसरी छुट सुविधाको जानकारी नपाई घर बहाल रकम तिरी बुझाई सकेका व्यवसायीहरुको हकमा सोही प्रकृतिका  अन्य व्यवसायीहरुले पाए सरहको अवधि बराबर हुने गरी मिति २०७८ श्रावण १ देखि २०७८ असोज १० गते सम्मको (२ महिना १० दिन) बहाल भिटौरी  मिनाहा गर्ने निर्णय गरियो। (राजस्व शाखा)

१०. अर्जुनधारा नगरपालिका वडा नं ९ स्थित शनिश्चरे अस्पतालको चलानी नं ३९ मिति २०७८/०७/३० को प्राप्त पत्रानुसार उक्त अस्पताल परिसरमा निर्माणधिन अवस्थामा रहेको कोभिड आईसोलेशन सेन्टरको फ्लोरमा टाएल्स बिच्छ्याउने कार्यका लागि आवश्यक रकम उपलब्ध गराउने माग भई आएको र सो सम्बन्धमा छलफल हुँदा पेश भएको ल. ई. अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो (योजना/आर्थिक प्रशासन शाखा)

११. वडा नं ८ स्थित ईलाका हुलाक कार्यालय अगाडीको बाटो निर्माण तथा मर्मतका क्रममा हुलाक कार्यालयको परिसरको घेराबारा भत्कन गई समस्या उत्पन्न भएकोले घेराबार मर्मतका लागि ईलाका हुलाका कार्यालय शनिश्चरेबाट लेखि आएकोले उक्त विषयमा छलफल हुँदा कार्यालयको सुरक्षा संवेदनशिलतालाई समेत मध्यनजर गरी जिन्सी शाखाबाट पेश भएको टिप्पणी साथ संलग्न ल. ई. अनुसारको रकम उपलब्ध गराउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।( आर्थिक प्रशासन/योजना शाखा)

१२. अर्जुनधारा नगरपालिका वडा नं १ निवासी राजनीतिक पीडित मनकुमार तामाङले आफू राजीतिक पीडित भएको साथै आर्थिक अवस्था समेत कमजोर भएको कारण घर निर्माणको लागि आर्थिक सहयोग माग गर्नु भएको सन्दर्भमा छलफल हुँदा सम्बन्धित वडाका वडा अध्यक्ष, पूर्वाधार विकास समिति संयोजक र प्राविधिक शाखा प्रमुख वा ईन्जिनियर रहेको अनुगमन टोलीको स्थलगत प्रतिवेदन समेतका आधारमा सम्बन्धित वडाको प्राविधिकले पेश गरेको ल. ई. समेतका आधारमा केही  रकम उपलब्ध गराउने  निर्णय गरियो ।(आर्थिक प्रशासन /योजना शाखा)

१३. यस नगरपालिका क्षेत्र भित्र संचालन हुने विभिन्न किसिमका विकास निर्माणसँग सम्बन्धित आयोजनाहरुको योजना संझौताको म्याद २०७८ कार्तिक मसान्त सम्म तोकिएकोमा तोकीएको समयावधि भित्र विभिन्न चाड पर्वहरु परेका कारण कार्यालय समेत बन्द भएको हुँदा योजना संझौतामा समस्या भएकोले आगामी २०७८ मंसीर १५ गते सम्मका लागि योजना संझौताको म्याद थप गर्ने निर्णय गरियो । (आर्थिक प्रशासन /योजना शाखा)

१४. यस नगरपालिका क्षेत्र भित्र स्वास्थ्य कृषि तथा पशुपंक्षी विमा कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित शाखाहरु मार्फत वडा कार्यालयसँग आवश्यक समन्वय गरी बिमा कार्यक्रम संचालनको प्रकिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो । (स्वास्थ्य /कृषि/पशुर्पंक्षि शाखा )

१५. नगरपालिका क्षेत्रभित्रको सरसफाई कार्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाउनका लागि नगरपालिका क्षेत्र भित्रका उपभोक्ताहरुको समेत सक्रिय सहभागितामा हुने गरी हाललाई बजार र शहरी क्षेत्रभित्र सर सफाईको लागि शशुल्क सेवा प्रवाहको व्यबस्था सहित जानकारी तथा सूचनामूलक नियमहरु समेत उल्लेख गरी उपभोक्ताहरुलाई सर सफाई शुल्क कार्डको वितरण गरी नियमित नियमन अनुगमको व्यबस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(सरसफाई ईकाई )

१६. आ.व. २०७७/०७८ मा स्थापना भएका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरताका लागि खर्च शीर्षक नं ३१२०२०११ शशर्त अनुदान तर्फ रु १२०००००/-बाह्र लाख रकम प्राप्त भएकोमा गत आ .व. मा उल्लेखित पकेट कार्यक्रम संचालन नभएकोले उक्त बजेटलाई मागका आधारमा नयाँ मकै पकेट कार्यक्रम संचालन गर्ने व्यबस्था मिलाउन सम्बन्धित शाखालाई निर्देश दिने निर्णय गरियो ।(कृषि विकास शाखा/आर्थिक प्रशासन शाखा )

१७. अर्जुनधारा नगर विकास सहकारी संस्थाको चलानी नं ०२ मिति २०७८/०६/२२ को पत्रद्वारा कार्यालय तथा विक्री केन्द्र संचालन सम्बन्धको माग निवेदनका सम्बन्भमा छलफल हुँदा कृषि तथा पशुपंक्षी विकास शाखाको च.नं ११९ मिति २०७८/०६/१७ को सिफारिस पत्रद्वारा समेत कृषि बजार तथा पशु जन्य उत्पादन गर्न निर्माण भई हाल खाली रहेको भवन नगर सहकारीलाई उपलब्ध गराउन सिफारिस भई आएको सन्दर्भमा सहकारी क्षेत्रको प्रवर्दन उन्नयन र विकासका लागि लागि अर्जुनधारा नगरपालिका वडा नं ८ स्थित कृषि तथा पशुपंक्षी

भवन मध्ये खाली रहेको एक थान भवन उक्त सहकारी संचालनार्थ उपलब्ध गराउने साथै बाँकी रहेका भवनहरुमा हालको मौजुदा कार्यालयमा स्थान अभावका कारण सेवा प्रवाह गर्न असहज भएका कृषि विकास शाखा ,शिक्षा युवा तथा खेलकूद शाखा , महिला तथा वालवालिका शाखा र रोजगार सेवा केन्द्र समेत स्थानान्तरण गरी सोही (कृषि तथा पशुपंक्षी भवन) भवनबाट सेवा प्रवाहको व्यबस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।( प्रशासन/ जिन्सी)

१८. नगर विकास सहकारी शीर्षकमा बिनियोनित रु १ करोड रकम तपशिल बमोजिम गर्ने गरी निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम | बजेट रकम | कै |
|---|---|---|---|
| १ | सहकारी शाखा व्यवस्थापन | ५०००००/- | |
| २ | औधवगिक ग्राम टहरा निर्माण | ९०००००/- | |
| २.१ | आधारभुत सहकारी लेखापालन तालिम | १,५००००/- | नगर भित्रका सहकारीलाई स |
| २.२ | आधारभुत व्यवस्थापन संम्बन्धि तालिम | १,५००००/- | नगर भित्रका सहकारीलाई स |
| २.३ | सहकारी बोर्ड बैठक भत्ता अनुगमन तथा मुल्याङ्कन | १,५००००/- | |
| २.४ | सहकारी सचेतना कार्यक्रम | १,५००००/- | नगर भित्रका सहकारीलाई क |
| ३ | नगर विकास सहकारीमा सेयर | १००००००/- | |
| ४ | नगर विकास सहकारीलाई प्रसाशनिक अनुदान | १००००००/- | |
| ५ | नगर विकास सहकारीलाई पुजीँगत अनुदान | १००००००/- | |
| ६ | औधोगिक ग्राम विकासमा पुल कल्भर्ट निर्माण | उ५००००००/- | |
| | **जम्मा** | **१०००००००** | |

१९. अर्जुनधारा नगर पालिका वडा नं ८ स्थायी बसोबास भई यस नगरपालिका अन्तर्गत शनिश्चरे अस्पतालमा कार्यरत कार्यालय सहयोगी शुरेस लुईट्टेल लामो समयदेखि मुखको क्यान्सरबाट पीडित भई हाल उपचारकै क्रममा रहेको साथै निजको आर्थिक अवस्था समेत अत्यन्त कमजोर भएको बुझिएको हुँदा निजको उपचारका लागि रु ५००००/-पचास हजार साथै अर्जुनधारा नगरपालिका वडा नं ३ निवासी पाठेघरको क्यान्सरबाट पीडित निशा भट्टराईको उपचारका लागि रु ३०,०००/- तीस हजार र अर्जुनधारा नगरपालिका वडा नं ७ निवासी खुट्टाको क्यान्सरबाट पीडित कौशिला रेग्मीलाई रु १५०००/- पन्ध्रहजार साथै बस दुर्घटनामा परी सख्त घाईते भई नोवेल अस्ताल विराटनगरमा उपचारमा रहनु भएका अर्जुनधारा ११ का

प्रसनजित राजवंशीको उपचारको लागि रु १५ हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा )

२०. नेपाल सरकार कम्पनी रजिष्टरको कार्यालयमा दर्ता नं २५२०७५/०७७/०७८ मा दर्ता भई आन्तरिक राजस्व कार्यालय भद्रपुरबाट स्थायी लेखा नं प्राप्त एस.बि.आर.कन्ट्रक्सन प्रा.लि. अर्जुनधारा १० लाई निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उप दफा(४) बमोजिम घ बर्गको निर्माण ईजाजत पत्र जारी गर्ने निर्णय गरियो ।(योजना शाखा )

२१. भौतिक रुपमा संचालन भएका तोकीएका विद्यालयहरुका वालवालिकाहरु लागि गत विगतमा उपलब्ध गराईदै आएको विद्यार्थीहरुको खाजा खर्च उपलब्ध गराउने व्यवस्थाका लागि शिषा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने ।(शिक्षा युवा तथा खेलकूद शाखा/ आ.प्र. शाखा )

२२. निम्नानुसारका योजनाहरु नगर स्तरीय चालु खर्च शीर्षकबाट संचालन गर्ने निर्णय गरियो ।

क) अर्जुनधारा नगरपालिका वडा नं ६ स्थित पशुपतिटोल छत्र पौडेलको घर अगाडी देखि सानो संसार हाउजिङ जोड्ने सडकमा प्लम वाल निर्माण रु २०००००/- दुई लाख ।

ख) महानन्द चोक शिवालय मंदिर उत्तर सडकमा पेवर्स बिच्छ्याउने कार्क्रम संचालनका लागि रु २०००००/-दुई लाख

ग) अर्जुनधारा नगरपालिका वडा नं ३ स्थित शशस्त्र प्रहरी बेस क्याम्पको छानाको व्यबस्थापनका लागि पाँच बण्डल जस्तापता उपलब्ध गराउने ।

२३. अर्जुनधारा नगरपालिका अन्तर्गत कृषि विकास शाखामा हाल मौजुदा जनशक्ति न्यून भएका कारण सेवा प्रवाहमा समेत समस्या उत्पन्न भएको हुँदा सेवा करारमा अधिकृत छैठौं स्तरको एक कृषि अधिकृतको विज्ञापन गरी नियुक्तिको प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(कर्मचारी प्रशासन/कृषि विकास शाखा)

२४. पूर्वाधार विकास कार्यालय भद्रपुर झापाको च.नं. २९८ मिति २०७८/०७/१५ को रकम उपलब्ध गराई दिने बारेको पत्रका सम्बन्धमा छलफल हुँदा प्रदेश नं १ सरकार पूर्वाधार विकास मंत्रालय मुख्यमंत्री सडक आयोजना अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं ६ र ९ मा पर्ने माता मन्दिर देखि प्रणामी मन्दिर हुँदै मिलनचोक ३ कि.मी. र बुद्धशान्ति गा.पा.को जयपुर देखि भोटेटार (शहिद राम प्रधान मार्ग) हुँदै बुधबारे पुल्चोक सम्मको ८ कि.मी. सडक योजनाको लागि प्रदेश सरकार मार्फत आ.व. ०७८/०७९ का लागि ८० प्रतिशत बराबरको रकम रु ३० लाख रकम विनियोजन भएकोले मुख्यमंत्री ग्रामिण सडक सुधार आयोजना संचालन कार्यविधि बमोजिम जम्मा बजेटको (कूल लागत) २० प्रतिशतले हुन आउने रकम प्रदेश विविध

खर्च खाता नं २२१०१००२०२०६०००० मा जम्मा गर्ने प्रतिबद्धताका लागि लेखि आएको विषय उपर छलफल हुँदा नियमानुसार हुन आउने रकम जम्मा गर्ने प्रतिबद्धता सहितको जानकारी गराउने निर्णय गरियो ।(आर्थिक प्रशासन /योजना शाखा )

२५. प्रधामंत्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सूचिकृत भई प्रथमिकताक्रम निर्धारण भई रोजगार सेवा केन्द्रबाट पेश भएका युवारुप तर्फ ६६ र कामका लागि पारिश्रमिक ( Cash For Wok ) तर्फ ४० जना व्यक्तिहरुको विवरण बैठकमा पेश भई अनुमोदन गर्ने निर्णय गरियो । (रोजगार शाखा )

२६. प्रधानमंत्री रोजगार कार्क्रमको लागत साझेदारी कार्यक्रम अन्तर्गत वडा तथा नगरपालिकाबाट विनियोजन भएको बजेटबाट निर्माण सामाग्री खरीद तथा दक्ष र अदक्ष कामदारको दैनिक ज्याला भुक्तानी गर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा / रोजगार सेवा केन्द्र)

२७. अर्जुनधारा नगरपालिकाको समपूरक कोषबाट पछी शोध भर्ना हुने गरी नगरपालिका क्षेत्र भित्र संचालन भएका निम्नानुसार योजनाहरुको रकम निम्नानुसार हुने गरी भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क) पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत हलुवागढ पर्यापर्यटन प्रवर्दन परियोजना अ.न.पा.१ र भगवती निर्माण सेवा ईलाम बीच संझौता भएकोमा संघीय सरकारबाट हालसम्म अनुदान रकम प्राप्त भई नसकेको साथै हलुवागढ सामुदायिक वन उपभोक्ता समितिले समेत लागत साझेदारी वापतको रकम हाल व्यवस्था गर्न नसकेको हुँदा भगवती निर्माण सेवालाई संघीय सरकारबाट अनुदानवापतको रकम प्राप्त भएपछि शोध भर्ना हुनेगरी समपूरक कोषबाट रु ३५ लाख रकम भुक्तानीका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख) सडकवोर्ड नेपाल अन्तर्गत अ.न.पा. ४ मा संचालित कालोपत्रे मर्मत योजनाको रनिङबिल वापतको रु १६ लाख ९५ हजार खनाल निर्माण सेवा लाई भूक्तानी गर्ने निर्णय गरियो ।

ग) अर्जुनधारा नगरपालिका वडा नं ७ अन्तर्गत पिपलबोट फुलमति खोला कालोपत्रे निर्माण सम्पन्न भई सिद्धदात्री निर्माण सेवालाई भुक्तानी गर्न बाँकी २९ लाख ३४ हजार रकम भुक्तानीका लागि निर्देशन दिने निर्णय गरियो ।

२८. अर्जुनधारा नगरपालिका १० नं वडा कार्यालयको च.नं. ८७५ मिति २०७८/०७/३० को वडा कार्यालयको निर्णय सहित रकमान्तरको लागि पेश भएको पत्र उपर छलफल हुँदा आ.व. ०७८/०७९ का लागि खानेपानी देखि उपचार केन्द्रको बाटो शीर्षकमा विनियोजन भएको रु ७,२०,०००/- निम्नानुसार हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन/योजना शाखा )

क) वडा कार्यालय फर्निचर तथा फिक्चर्स रु ४,७०,०००/-

ख) विद्युतीय सामाग्री खरिद रु १,५०,०००/-

ग) मर्मत संभार रु १,५०,०००/-

कूल जम्मा रकम रु ७,२०,०००/-

२९. अर्जुनधारा नगरपालिकाको दशौं नगरसभा आगामो २०७८ साल मंसीर मसान्त भित्रमा सम्पन्न गर्ने गरी आवश्यक तयारीको व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो( प्रशासन/योजाना/जिन्सी )

३०. अर्जुनधारा नगरपालिका स्थित प्रस्तावित शनिश्चरे अस्पतालबाट हाल प्रवाह भई रहेको प्रतिदिन ३०० जना विरामीको चापललाई मध्यनजर गरी विशेज्ञ MDGP सेवा विस्तारको लागि सम्वन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो।(स्वास्थ्य शाखा)

३१. विभिन्न राजीतिक पार्टीहरुले पार्टीको केन्द्रिय अधिवेशनमा सहभागि हुनका लागि नगरपालिकासँग ईन्धन सहयोग माग गरी निवेदन पेश गरेको हुँदा केन्द्रीय अधिवेशनमा भाग लिन जाने राजनीतिक दलहरुलाई एक पटकका लागि २०० लिटरका दरले सहयोग स्वरुप ईन्धन उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(आर्थिक प्रशासन/प्रशासन /आ.ले.प शाखा )

३२. नगरपालिका भित्र संचालन भएका विभिन्न विकास आयोजनाहरु (झोलुङ्गे पुल, खानेपानी ) लगायतका अन्य आयोजनाहरुको सम्बन्धमा फलोअप तथा योजना माग गर्नका लागि नगर प्रमुखलाई यहि मिति २०७८ मंसीर १० गते काठमाडौ पठाउने निर्णय गरियो ।